# आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (वागमती प्रदेश कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोक

प.सं.२०७९/८०
च.नं.३२५

मिति : २०८०/०२/१६

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
सिंहदरबार प्लाजा, काठमाडौं ।

**बिषय : एकिकृत वित्तीय कारोवार सञ्चालन गर्ने सम्बन्धमा ।**

महोदय,

चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.१० भरतपुरमा रजिष्टर्ड कार्यालय रहेको डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले बनेपा नगरपालिका वडा नं.७, काभ्रेपलाञ्चोकमा रजिष्टर्ड कार्यालय रहेको यस आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरि मिति २०८० अषाढ १ गते शुक्रवार देखि **डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको** नामबाट एकिकृत वित्तीय कारोवार सञ्चालन गर्ने सम्बन्धमा मिति २०८० जेष्ठ १६ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको सूचना यसैसाथ संलग्न गरी त्यस कार्यालयको जानकारीको लागि पठाईएको ब्यहोरा अनुरोध छ ।

भवदीय,

राजेश शर्मा
प्रमुख कार्यकारी अधिकृत

email: adarshalbbs@gmail.com website : www.adarshamicrofinance.com फो.नं.०११- ६६२६३६

## मिति: २०८०/०२/१६ को कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८० आषाढ १ गते शुक्रबार देखि एकीकृत वित्तीय कारोबार आरम्भ हुने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१६)**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा इजाजतपत्रप्राप्त चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० भरतपुरमा रजिष्टर्ड कार्यालय रहेको **डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड** र काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ७ बनेपामा रजिष्टर्ड कार्यालय रहेको **आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड**को मिति २०७९ फागुन ३० गते सम्पन्न आ-आफ्नो वार्षिक साधारण सभाबाट डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा बिशेष प्रस्ताव पारित गरे बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०८० जेष्ठ ३ गते को पत्रबाट प्राप्ति (एक्विजिशन) गर्ने सन्दर्भमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको अन्तिम दिनसम्म कायम रहेका सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु प्राप्ति (एक्विजिशन) गर्ने संस्था डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले व्यहोर्ने/सकार्ने गरी प्राप्ति (एक्विजिशन) को लागि अन्तिम स्वीकृति प्राप्त भएको जानकारी गराउँदै प्राप्ति (एक्विजिशन) पश्चात् **'डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड'**, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाको रुपमा मिति २०८० आषाढ १ गते (तदनुसार जुन १६, २०२३) शुक्रबारको दिनदेखि एकीकृत वित्तीय कारोवार सञ्चालन गरिने ब्यहोरा समस्त ग्राहक वर्ग, शेयरधनीमहानुभावहरु, नियामक निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरेका छौं ।

प्राप्ति (एक्विजिशन) पश्चात् **'डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड'** को केन्द्रीय कार्यालय रहेको स्थान चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० भरतपुरमा यथावत रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।


**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय भरतपुर १०, चितवन
फोन नं. : ०५६-५१७९००
ईमेल : info@deproscbank.com.np
वेबसाइट : www.ddbank.org.np

**आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोक
फोन नं. : ०११-६६२६३६
ईमेल : adarshalbbs@gmail.com
वेबसाइट : www.adarshamicrofinance.com